# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२३ | २०७६ माघ ०१ गते बुधबार | 15 January 2020 Wednesday | मूल्य रू. १०/-


## पर्यटकीय गन्तव्य घोषणामै सीमित

**मिसन न्यूज**

**कालिकोट**

कर्णाली प्रदेश सरकारले तय गरेका ४० पर्यटकीय गन्तव्यको सूचीमा समेत यस पचालझरना उल्लेख छ । तर, पचालझरना अवलोकन गर्न आउने बाह्य पर्यटकको संख्या भने शून्य छ। नेपालकै अग्ला झरनाका रूपमा परिचित पचालझरना जिल्लाको पचालझरना गाउँपालिकामा पर्छ। सधैं पर्यटकको पर्खाइमा रहेको यस झरनासम्म पुग्न सहज पूर्वाधार विकास नहुँदा यहाँ पुग्न खोज्ने पर्यटकको संख्या शून्यमा झरेको हो । भौगोलिक बिकटतासँगै पूर्वाधार अभावले झरना हेर्न आउन चाहाने पर्यटकसमेत यहाँ पुग्न सकेका छैनन् ।



पर्यटकको पर्खाइमा रहेको कालिकोटको पचालझरना। तस्विर : मिसन न्यूज

सरकारले सुरु गरेको 'नेपाल भ्रमण वर्ष २०२०' मा कालिकोटको पचालझरना पर्यटकको आकर्षक केन्द्रका रूपमा उल्लेख छ। तर, हालसम्म झर ना अवलोकन गर्न पर्यटक आएका छैनन् । पचालझरना गाउँपालिका ३ का वडाध्यक्ष लोकबहादुर कठायले पचालझरना अवलोकनका लागि एक जना पनि पर्यटक भिज्याउन नसकिएको बताए। प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा पचालझरना पुग्न ८ किलोमिटर सडक र होमस्टे निर्माण गरिएको छ। पचालझरना हेर्न आउने पर्यटकलाई लक्षित गरी गत वर्षदेखि सञ्चालन गरिएको होमस्टेमा अहिलेसम्म पर्यटक बसेका छैनन् । हाल उक्त होमस्टे प्रयोगविहीन बनेको छ। संघीय सरकारले घोषणा गरेको एक सय पर्यटकीय गन्तव्यमा ६४औं स्थानमा समावेश भएपछि यहाँका स्थानीय घुम्न आउने पर्यटक वृद्धि हुने अपेक्षामा थिए। पचालझरनाले हालसम्म नेपालको अग्लो झरनाका रूपमा मान्यता पनि पाएको छैन। तीन सय ८१ मिटर अग्लो झरना अवलोकन गर्न सन् २०२० सम्म पाँच हजार पर्यटक भिज्याउने गाउँपालिकाको योजना छ। गाउँपालिका अध्यक्ष खड्गराज सेजुवालले पचालझरनामा पर्यटक भिज्याउन पूर्वाधार निर्माणका काम जारी रहेको बताए। गाउँपालिका उपाध्यक्ष तारा न्यौपानेले पचालभरनाको प्रचार प्रसार गरी पर्यटकहरुको आगमन बढाइने बताइन् ।

जिल्लाको सान्नीत्रिवेणी गाँउपालिकामा पर्ने त्रिवेणी पाटनमा समेत पर्यटक आउँदैनन् । खाँडाचक्र नगरपालिकाकै लेकमा चुली हिमाल, कोटदरबार क्षेत्र, माओबादी द्वन्द्वको अन्तिम लडाइ भएको ठाँउ युद्ध पर्यटकीयस्थल पिली, तिलागुफा नगर पालिकामा रहेको तिलागुफा, रुडुबन्चु पाटन, पलाँता गाउँपालिकाको बेलक्या ढुंगा, चिनाराशी, रास्कोट नगरपालिकाको सिप्टी विशाली, देउरा पाटनलगायत पर्यटकीयस्थल पर्यटकको पर्खाइमा छन् ।

## विद्यालयको अनुगमन मोवाइलबाट

**मिसन न्यूज**

**कालिकोट**

कालिकोट जिल्लाको पचालझरना गाउँपालिका मोवाइल फोनबाट नै विद्यालयको अनुगमन प्रबिधि संचालनमा ल्याएको छ । विद्युतिय माध्यमबाट विद्यालयको अनुगमन गर्ने प्रविधिको विकास गरेको हो। विद्यालयको व्यवस्थापन र अनुगमनमा सहज हुने गरि 'स्कूल डायरी' सफ्टवेयरमार्फत विद्यालयको अनुगमन सुरु गरेको छ ।



मोवाइलबाट विद्यालय अनुगमन गर्दै गाउँपालिका अध्यक्ष। तस्विर : मिसन न्यूज

गाउँपालिका कार्यालयबाटै विद्यालयको अनुगमन गर्न सकिने गरि रिभुलेसन टेक्लोलोजीको उत्पादन 'स्कूल डायरी' मार्फत सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन प्रभावकारी बनाउन र शैक्षिक गुणस्तर बिकासका लागि उक्त प्रविधि जडान गरिएको गाउँपालिकाका अध्यक्ष खड्कराज सेजुवालले बताए। 'पहिलो पटक गाउँपालिकाका दुई वटा विद्यालयमा जडान गरिएको छ।' उनले भने ' प्रविधि सबै विद्यालयमा संचालन गरिने छ।' विद्युतिय फ्टवेयरको प्रयोगले सामुदायिक विद्यालयको अनुगमनमा सहज हुने अध्यक्ष सेजुवालले बताए। 'अनुगमन प्रभावकारी नहुँदा विद्यालयको व्यवस्थापन प्रभावकारी हुन नसकेको हो' उनले भने, 'अब प्रविधिको प्रयोगले अनुगमनमा समेत सहज हुने छ ।' शिक्षकलाई नियमित विद्यालयमा आउनका लागि विद्युतिय माध्यम सजिलो हुने गाउँपालिकाका अध्यक्ष सेजुवालले बताए ।

'भौगोलिक रुपमा विकट जिल्लाहरुका लागि समयसापेक्ष प्रविधिको प्रयोग नै उत्तम हुन्छ' उनले भने,' प्रभावकारिताका आधारमा अरु विद्यालयमा थप गर्दै जानेछौं।' विकट क्षेत्रका लागि सफ्टवेयर प्रभावकारी हुने रिभोलुसन टेक्नोलोजीका अध्यक्ष बिक्रम तिवारींले बताए । 'विकट क्षेत्रबाट नै प्रविधीको प्रयोग गरी शिक्षामा गुणस्तर ल्याउन गाउँपालिकासँग साझेदारी गरिएको छ।' उनले भने,'बढी समस्या हुन्छ, त्यहाँ प्रविधिको जरुरी पनि हुन्छ ।'

## चौकीलाई जग्गा दान

**कालिकोट** - जिल्लाको पचालझरना गाउँपालिका ४ निवासी दुर्गाप्रसाद न्ययौपानेले प्रहरी चौकीलाई ३ सय २५ वर्गमिटर जग्गा दान गरेका छन् । न्यौपानेले इलाका प्रहरी चौकी पचालझरनाको भवन निर्माणका लागि २ लाख ५० हजार मुल्य बराबरको जग्गा निशुल्क दान गरेका हुन् । जिल्ला प्रहरी कार्यालय डीएसपी श्यामबाबु ओलीयालाई जग्गाको लालपुर्जा हस्तान्त्रण गर्दै जग्गा धनी न्यौपानेले गाउँमा प्रहरी चौकी हुँदा सुरक्षाको प्रत्याभूति हुने भएकाले प्रहरी चौकीका लागि आफ्नो इच्छाले जग्गा दान गरेको बताए। जिल्ला प्रहरी प्रमुख डीएसपी ओलीयाले नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयअनुसार पचालझरनना गाउँपालिकामा इलाका प्रहरी चौकी स्थापना भएको छ। तर चौकीको आफ्नै नामको



जग्गा नभएकाले भाडाको घरमा चौकी राखिएको छ । अब जग्गा पनि प्राप्त भएकाले भवन निर्माणको प्रक्रिया अगाडी बढाइनेछ । उनका अनुसार अझै पनि जिल्लाको सान्नीत्रिवेणी गाउँपालिकाको मेहेलमुडी र तिलागुफा नगरपालिकाको ६ गाल्जेमा प्रहरी चौकीका लागि जग्गा पर्याप्त भएको छैन् । स्थानीय तहसँगको समन्वयमा ती प्रहरी चौकीका लागि जग्गा खोजी भइरहेको छ। अहिले ती चौकी भाडाको घरमा संचालन भइरहेका छन्। चौकीका लागि जग्गा प्राप्त भएपछि भवन पनि निर्माण हुने उनको भनाइ छ ।

## सुर्खेतबाटै सवारी अनुमति पत्र

**लिलाराज संज्याल**

**सुर्खेत** - कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरबाटै सवारी चालक अनुमतिपत्र ( लाइसेन्स) वितरण गरिने भएको छ । आउँदो माघ देखि सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण गर्ने गरी तयारी थालिएको हो। अनलाइन सफ्टवेयर, ट्रायल (परीक्षण) सेन्टर निर्माण तथा जनशक्ति व्यवस्थापनलगायतका कार्य अन्तिम चरणमा पुगेको यातायात व्यावस्था कार्यालय सुर्खेतका निमित्त कार्यालय प्रमुख आनन्द चपाईले

# सम्पादकीय...

## पर्यटन हव बनाऔं


सरकारले नेपाल भ्रमण वर्ष २०२० मा पर्यटक संख्या २० लाख पुऱ्याउने योजना अघि सारेको छ । अहिलेको पर्यटन पूर्वाधारमा यो निकै महत्वाकांक्षी लक्ष्य हो । नेपाल पर्यटकीय मुलुक हो तर पर्याप्त पूर्वाधार नहुँदा पर्यटकको संख्या लक्ष्यअनुसार बढ्न सकेको छैन । सन् २०१७ मा १० लाख पर्यटक  भित्रिएको तथ्यांक छ । यस आधारमा हेर्दा डेढ वर्षपछिको भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने लक्ष्य चानचुने होइन । सातवटै प्रदेशमा कम्तीमा एक अन्तराष्ट्रिय विमानस्थल बनाउने, पाँच वषभित्र सबै प्रदेशमा मौलिक संग्रहालय स्थापना गर्ने, नेपाल वायुसेवा निगमको क्षमता वृद्धि गरी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउने लगायतका योजना मन्त्रालयको छ । धार्मिक पर्यटकीय क्षेत्रका गुरुयोजना, राष्ट्रिय गौरवका आयोजना, पर्यटन पूर्वाधार, भूकम्पपछिको पुनर्निर्माण, विशिष्ट पहिचानका सम्पदाको संरक्षण आदि योजना छन् । प्राथमिकताका ११ वटा क्षेत्र निर्धारण गरिएको छ । बाम गठबन्धनको चुनावी घोषणापत्रमा १० वर्षमा ५० लाख पर्यटक पुऱ्याउने भनिएको थियो । मन्त्रालयले महत्वाकांक्षी लक्ष्य अघि सार्छन् तर लक्ष्य पूरा गर्ने पर्याप्त आधार हुँदैन । पर्यटन सरकार एक्लैको बुताको क्षेत्र पनि होइन, निजी क्षेत्रको ठूलो सहभागिता र लगानी छ । पर्यटकको सेवामा निजीक्षेत्र संलग्न छ । सरकारले गर्ने पूर्वाधार विकासका काम लक्ष्यअनुसार सम्पन्न हुनसके निजीक्षेत्र स्वतः अगाडि आउँछ । होटलहरुको क्षमता वृद्धिलगायत सेवाका क्षेत्रमा निजीक्षेत्रलाई सरकारले प्रोत्साहित गर्नुपर्छ । भ्रमण वर्ष २०२० मा पर्यटक संख्याको लक्ष्य पूरा गर्न हालको होटल क्षमता पनि भण्डै दोब्बर गर्नुपर्छ । अब केन्द्र सरकारमात्रै छैन, प्रदेश र स्थानीय सरकार पनि छन् । सबैले आ-आफ्ना क्षेत्रबाट समन्वयात्मक ढंगले काम गर्न सके भने लक्ष्य पूरा हुनसक्छ । महत्वाकांक्षा भएरमात्रै हुँदैन, लक्ष्यमा पुग्ने पूर्वाधार विकास मुख्य कुरा हो । पर्यटकमा यात्रा सुरक्षा र सुविधाको विश्वास पनि बढाउनुपर्छ । यसतर्फ पहल गर्न उत्तिकै जरुरी छ । नेपाल भ्रमण वर्ष १९९८ र पर्यटन वर्ष २०११ समेतको अनुभव सन् २०२० को भ्रमण वर्षका लागि उपयोगी हुनेछ । आगामी पाँच वर्षको पर्यटन लक्ष्य पूरा गर्न यो भ्रमण वर्षको सफलता कोशे ढुंगा हुनेछ । महत्वाकांक्षी योजना र लक्ष्यमा पूर्वाधार विकास नै प्राथमिक कुरा हो । पूर्वाधारमा जति जोड दिइन्छ र प्रचारप्रसार हुन्छ त्यति नै पर्यटक संख्या बढ्छ । हाम्रो आर्थिक विकास र समृद्धिका लागि पर्यटन मुख्य प्राथमिकताको क्षेत्र हुनुपर्छ ।

# गाउँमा झुलुङ्गे पुल वितार

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको तिलागुफा नगरपालिका वडा नं ७ को छाप्रेखोलामा झोलंगे पुल बनेपछि बिद्यार्थीलाई आउजाउ गर्न सहज भएको छ । छाप्रेखोलामा पुल नहुदा वर्षौदेखि कालीका माध्यमिक बिद्यालयमा पढ्न आउने भण्डारावाडा र छ । साथै खोला वारीपारी खेत भएका कृषकलाई पनि उत्पादीत वस्तु घर सम्म ल्पुगाउन पनि पुलले गर्दा सजिलो भएको छ । पुल नहुदा धानका भारी बोकेर भिरालो बाटोमा ओरालो, उकालो गर्दा खुट्टा क्यारेकसम्म हुने गरेको थियो । नेपाल सरकारको सबै ठाउँमा तुईन हटाउने र जोखिमपुर्ण ठाउँमा झुलंगेपुल बनाउने योजनाले गर्दा



खड्कवाडा गाउँका बिद्यार्थीलाई निकै समस्या थियो । वर्षातको समयमा खोला तर्न समस्या हुने र हिउँदमा पनि तिन घण्टा समय ओरालो झरेर फेरी उकालो वाटो हिडेर बिद्यालय आउनु पर्ने बाध्यता पुल बनेपछि हटेको कालीका माध्यमिक बिद्यालयका प्रअ राजेन्द्रवहादुर शाहीले बताए । उनले साना बालबालिकालाई निकै समस्या हुन्थ्यो । कतिपयका अबिभावकले साना बालबालिकालाई बोकेर बिद्यालयमा पुऱ्याउने गर्थे । कतिपयका बालबालिका त बिद्यालय नै आउँदैन थिए । भिरालो बाटो तलमाथि गर्नुपर्ने भएकाले सानादेखि ठुला वालवालिका लड्ने खतरा पनि त्यतिकै थियो । अव पुल बनेपछि आउजाउ गर्न सुरक्षित भएको स्थानीय बिक्रमवहादुर शाहीले बताए । पुलले गर्दा समयको पनि वचत भएको छ भने बिद्यालय आउन जान पनि सजिलो भएको तिलागुफा नगरको वडा नं ७ का तीन गाउँको सम्बन्ध जोडिएको वडा नं ७ का अध्यक्ष नेत्रवहादुर शाहीको भनाई छ । अध्यक्ष शाहीले भने, 'पहिला त केही काम भएपनि यताबाट हातको इसाराले भन्ने र उस्तै परे ठुलो स्वरले भनेर खबर वुझ्ने गरेका थियौं ।' अब पुल वनेपछि सबै हिसावले सहज भएको उनको भनाई छ । पुलले गर्दा भण्डारावाडा, खड्कवाडा, वाटालुवार गाउँ र कालिका माध्यमिक बिद्यालय बिचको सम्वन्ध निकै नजिक बनेको छ । स्थानीय गैरसरकारी संस्था हुरुन्डेक नेपालको सामाजिक तथा प्रयाविधिक सहयोग, जिल्ला समन्वय समिति क्षेत्रगत झोलंगेपुल कार्यक्रमको सहयोगमा ३४ लाख ८२ हजार सहयोग र नागरिकहरुको थप लगानीले पुल वनेपछि गाउँका नागरिकहरुलाई

**बाँकी ८ पेजमा.....**


## जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई  स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  (  Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**

**कर्णाली प्रदेश,नेपाल**

# स्थानीय तहका कर्मचारीको अनिश्चित भविष्य

श्यामप्रसाद मैनाली

आज सानो आलेख तयार गर्न लाग्दा स्थानीय तहमा खटिएका केही कर्मचारीले आफ्ना दुखेसो राख्दै मबाट मित्रवत् सल्लाहको अपेक्षका साथ केहीले सहयोग मागेको स्मरण गर्न पुगेको छु। लोकसेवा आयोगबाट प्रतिस्पर्धामा अब्बल देखिई सिफारिस भएपश्चात् हाजिर हुने कि नहुने भनी द्विविधामा रहेका यी युवालाई मैले स्थानीय तहमा सेवा गर्न जाने वा नजाने सम्बन्धमा सल्लाह दिनुपर्ने अवस्था थियो । आफूलाई लागेको कुरा जस्ताको तस्तै राखिदिँदा उनीहरू अझै द्विविधामा पर्दै गए। धेरै कर्मचारी लामो अवधिसम्म स्थानीय तहमा नोकरी गर्ने या नगर्ने विषयमा निर्णय लिइनसकेको अवस्थामा स्थानीय तहका कर्मचारीले संघीय निजामती सेवाको शाखा अधिकृत पदमा छैटौं तहका कर्मचारीले प्रतिस्पर्धा गर्न पाउनेगरी विज्ञापन गरेपश्चात् स्थानीय तहबाट मुक्ति पाउने मार्ग प्रशस्त भएको सम्झी कार्यालयमा हाजिर हुन गएको स्थिति छ। यसबाट स्थानीय तहमा खटिएका कर्माचारीको मनोविज्ञान सहजै बुझ्न सकिन्छ। देश संघीयताको कार्यन्वयनमा जुटेपछि कर्मचारीको व्यवस्थापन गर्नु अनिवार्य हुन्छ । स्थायी संयन्त्रको अभावमा स्थानीय सरकारले आफ्ना कार्यहरू अघि बढाउन सक्ने स्थिति हुँदैन ।

अहिलेकै अवस्थामा पनि केही कर्मचारीहरू अझै पदस्थापन भएको कार्यालयमा पुगेको अवस्था छैन, यसबाट स्थानीय तहमा सबैभन्दा महत्वपूर्ण र जनताको निकटमा रहेको सरकार भएकाले जनतालाई प्रभावकारी सेवाप्रवाह गर्ने उत्तरदायित्व यस सरकारकै रहेको हुन्छ । गिरेको मनोबल लिएर मनोवैज्ञानिक रूपमा लघुताभास पालेर बसेका स्थानीय तहका कर्मचारीबाट जनप्रतिनिधिमूलक सस्था र समस्त जनताले कस्तो प्रकारको सेवाको अपेक्षा गर्ने हो ? सोचनीय विषय बनेको छ । संघीयताको कार्यान्वयन भइरहेको सन्दर्भमा एकात्मक शासन प्रणालीसँग संघीयतालाई तुलना गरेर हेर्दा संघीयतामा धेरै प्रकारका सेवासुविधा नागरिकले प्राप्त गर्न सक्नुपर्दछ । संघीयतालाई लोकतान्त्रिक शासनप्रणालीका रूपमा विकास गरी जनताको समर्थन प्राप्त गर्न प्रणालीका रूपमा जनताले अनुभूति गर्न पाउने अवस्था सिर्जना गर्न पनि गुणस्तरीय, मनोबल उच्च भएका, संगठनप्रति आस्थावान् र अभिप्रेरित कर्मचारी हुनु जरूरी हुन्छ । तर, हालको अवस्थामा कर्मचारीहरू निरुत्साहित भइरहेका छन्। यसका लागि केही पक्षहरू जिम्मेवार देखिएका छन्। स्थानीय तहका कर्मचारी तीनवटा प्रकृतिका छन् । लोकसेवा आयोगबाट अधिकृत तृतीय श्रेणीमा सफल भए सिफारिस भएकामध्ये केहीलाई एक तह पदोन्नति गरी समायोजन गरिएका पहिलो वर्गमा पर्दछन्, यी कर्मचारी संघीय निजामती सेवाका अन्य कर्मचारीसरह योग्यता भएका समान प्रक्रियाबाट छनोट भएका हुन् । उनीहरू प्रायः सबैलाई इच्छाविपरीत हाजिर गराइएको अवस्था छ । तृतीय श्रेणीमा संघीय लोकसेवा आयोगबाट परीक्षा दिई सफल भएकाले पुनः सोही श्रेणीमा प्रतिस्पर्धा गर्ने विषय हर दृष्टिकोणले उपयुक्त हुँदैन। त्यसैले, लोकसेवा आयोगले स्थानीय तहमा रहेका छैटौं तहका कर्मचारीले संघीय निजामती सेवाको अधिकृत तृतीय श्रेणीमा प्रतिस्पर्धा गर्न पाइनेगरी विज्ञापन भएको छ, यसबाट स्थानीय तहकै लागि प्रतिस्पर्धा गरेका र सेवारत कर्मचारीले संघीय निजामती सेवामा प्रवेश पाउन सक्ने तर निजामती सेवाका लागि सिफारिस भएका गैरनिजामती सेवामा आजीवन कार्यरत रहनुपर्ने अवस्था सिर्जना भएको छ। यो असन्तुष्टि रहेको वर्गबाट नेपाली जनताले कस्तो प्रकारको सेवा अपेक्षा गर्ने हो, सोच्नु पर्ने स्थिति छ । दोस्रो वर्गको कर्मचारी हुन् । स्थानीय तहकै लागि लोकसेवा आयोगले सिफारिस गरेका ।

यस वर्गका कर्मचारी अत्यन्त बन्द सेवामा प्रवेश गरिरहेका छन्। वृत्तिविकासका गुन्जायस अत्यन्त न्यून र अनिश्चित छ। यी कर्मचारीलाई सेवामा प्रवेश गर्नुपूर्व कुनै प्रकारको सेवासम्बन्धी प्रशिक्षण प्रदान गरिएको छैन । सीपको अभावमा गुणस्तरीय सेवा प्रदान गर्ने गुरुत्तर जिम्मेवारी वहन गर्नुपर्ने अवस्था छ। संघीयताको मूल मर्म र आशयसँग निर्वाचित जनप्रतिनिधि प्रायः सबै अनविज्ञ छन् । कतिपय पालिकाले संगठनको स्वरूपसम्म पनि निर्धारण गर्न सकेका छैनन् । स्रोतसाधन सम्पन्न पालिका प्रायः नगन्य छन् । कर्मचारीले पाउने सुविधालगायतका विषयको सुनिश्चितता छैन । पालिकाको स्रोतसाधनको अवस्था हेरी उनीहरूले पाउने सुविधाहरूमा पनि विविधता हुने स्थिति छ। एक पालिकाबाट अर्को पालिकामा सरुवा हुन सक्ने प्रावधानसम्म पनि विद्यमान कानुनले गरेको छैन । समान पदमा आजीवन कार्यरत रहनुपर्ने अवस्थासमेत प्रबल छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संघीय संरचनामा पर्ने भएकाले स्थानीय तहका कर्मचारीका बारेमा खासै चासो दिइरहेको छैन। संघीय निजामती सेवा ऐनले प्रदेश सेवा, स्थानीय सेवालाई मार्गदर्शन गर्न सक्नुपर्दथ्यो । यस विषयलाई सम्बोधन गर्ने प्रकृतिको छलफलले संसद्मा स्थान पाएको पनि अनुभूति गर्न सकिएको छैन । स्थानीय तहका कर्मचारीलाई निजामती कर्मचारीको हैसियतसम्म पनि दिइएको छैन । प्रदेश र सघीय सेवा निजामती भएका छन् । संसद्मा सरकारले केही प्रतिशत पदहरूमा प्रदेश र स्थानीय सेवामा रहेकाबाट आन्तरिक प्रतिस्पर्धा गराउनेगरी प्रस्ताव गरेकोमा संसद्को लघुसंसद् सेवा प्रवेश तहबाहेक अन्यमा खुला प्रतिस्पर्धा नराख्ने निर्णयमा पुगेको जानकारी हुन आएको छ। यसबाट आफ्नो प्रतिभाका आधारमा अन्यत्र सेवा गर्न अवसर पाउने स्थिति पनि अब पूर्ण रूपमा बन्द भएको छ । पञ्चायतदेखि लोकतन्त्रसम्म तोकआदेशका भरमा नियुक्ति पाई औपचारिकता पूरा गरी स्थायीसमेत भएका कर्मचारीको पनि स्थानीय र प्रदेश तहमा उपस्थिति मात्र होइन राम्रो प्रभाव रहेको छ। तर, यी कर्मचारी योग्यता प्रणालीबाट अब्बल प्रमाणित भई नियुक्ति भएका होइनन्, यी तीनै प्रकारका कर्मचारीलाई समान हैसियत प्रदान गरिँदा अन्य दुई प्रकारका कर्मचारीमा आफ्नो हैसियत र स्तरप्रति विश्वस्त हुन सकेका छैनन्, व्यापक असन्तुष्टि रहेको छ।

प्रदेश लोकसेवा आयोग गठन भइसकेपश्चात् प्रदेश र स्थानीय तहका कर्मचारीको भर्ना छनोटसम्बन्धी काम यहीबाट हुने कानुनी व्यवस्था छ । समान प्रकृतिको प्रतिस्पर्धामा सामेल भई सिफारिस हुने कर्मचारीमध्ये प्रदेश सेवालाई मात्र निजामती हैसियत प्रदान गरिएको छ। स्थानीय सेवालाई सरकारी सेवाको हैसियतमा मात्र सीमित गरिएको छ । यस स्थितिमा रहेका स्थानीय कर्मचारीबाट स्थानीय तहले कस्तो सेवा प्रदान गर्ला ? र, जनताले संघीयताबारे कसरी सकारात्मक धारणा बनाउलान् ? विश्लेषण र चिन्तनको विषय बनेको छ । स्थानीय तहमा काम गर्दा प्रायः सबैमा एक तह पदोन्नति पाइने अवस्थासम्मको प्रत्याभूति छैन । न सरुवाको गुन्जायस छ, न त स्पस्ट कार्यादेश दिइएको छ। प्रशिक्षणको अभावमा काम गर्न कठिनाइ भएको छ । जनतिनिधिहरू अधिकांश कर्मचारीप्रति नकारात्मक धारणा बनाएर बसेका छन् । जनप्रतिनिधिमा समेत संघीयताको सैद्धान्तिक र प्रक्रियागत ज्ञानको अभाव छ। उनीहरूलाई पनि यस विषयमा प्रशिक्षणको व्यवस्था केन्द्रीय सरकारले मिलाउनुपर्दछ । विशेषगरी स्थानीय तहका जनप्रतिनिधि बेलाबखत अमर्यादित शैलीमा प्रस्तुत भएका समाचार सम्प्रेषण भइरहेका छन्। कर्मचारीमाथिको राजनीतीकरण अत्यधिक छ । त्यसैले, यी कर्मचारीको संघीय निजामती सेवासँग कस्तो सम्बन्ध स्थापित हुने हो, त्यसको व्यवस्था हुनुपर्दछ । सेवा प्रवेशपूर्व प्रशिक्षण कार्यक्रम अनिवार्य रूपमा प्रदान गरिनुपर्दछ । प्रदेश लोकसेवा आयोगबाट सिफारिस हुने भएकाले प्रदेशभित्र यी कर्मचारीको जुनसुकै पालिकामा सरुवा हुने व्यवस्था गर्नुपर्दछ । प्रशासनका सर्वमान्य सिद्धान्त नियन्त्रणको सीमा, आदेशको एकता, आवधिक रूपमा प्रदेशभित्रका सेवाका रिक्त पदमा पदोन्नति र सरुवाको अनिवार्य व्यवस्था गर्नु अपरिहार्य छ। संघीय निजामती सेवाकै हिसाबले सबै प्रकारका व्यवस्था सीमित रूपमा मात्रै भए पनि स्थानीय तहका कर्मचारीलाई पनि प्रदान गर्ने प्रणालीको विकास गर्नु जरुरी छ । अन्यथा स्थानीय तहका पहिलो दर्जाका कर्मचारी आन्दोलित भइसकेका छन्। दोस्रो तहमा पनि यो अवस्था स्पस्ट देखिँदै छ । स्थानीय तहका सबै कर्मचारी द्वन्द्वात्मक अवस्थामा रहेका छन् ।

यी समस्याको समाधानका लागि सबै प्रकारका सरकारहरू गम्भीर बन्नुपर्दछ। अन्यथा दुईवटा मात्र विकल्प देखिएका छन्। पहिलो हो ,कर्मचारी आफ्नो भविष्यको सुनिश्चितताका लागि आन्दोलित हुनेछन् । यदि आन्दोलनले प्रभावकारिता प्रदान गरी प्रतिफल दिन सकेन भने यी कर्मचारी व्यापक असन्तुष्टि र कुण्ठाग्रस्त भई कार्यरत रहने भएकाले संगठनप्रति निष्ठावान् हुने छैनन्। सरकारले आफूलाई मेसिन वा रोबोटको रूपमा प्रयोग गरेको निष्कर्षमा पुग्नेछन्। कामप्रति उत्प्रेरित हुने छैनन् । यो मानव स्वभाव हो । यसको परिणाम कर्मचारी संगठनका लागि मन्द विषसरह हुनेछ। यस परिस्थितिमा कार्यसम्पादन नकारात्मक रूपमा प्रभावित बन्नेछ । अन्ततोगत्वा संघीयता प्रति नै जनताको वितृष्णा पैदा हुनेछ। यसबाट लोकतान्त्रिक शासनप्रणालीमा नै प्रश्नचिह्न खडा हुनेछ। यो अवस्थावाट स्थानीय तहलाई मुक्ति दिलाई संघीयतामार्फत जनतालाई उच्चस्तरको सेवा प्रदान गरी लोकतन्त्रको सुदृढीकरणका लागि सबै प्रकारका सरकार विशेषगरी संघीय सरकार को शीघ्र क्रियाशीलताको जरुरी देखिएको छ।

राजधानीबाट

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल (वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# सुर्खेत-बर्दिया जोड्ने सुरुङमार्ग योजना केन्द्र सरकारले रोक्यो

मिसन न्यूज
सुर्खेत



कर्णाली प्रदेश सरकारले विशेष महत्व दिएको सुर्खेत-बर्दिया जोड्ने सुरुङमार्ग निर्माणको काम तत्काल अघि नबढ्ने भएको छ। प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा नै यो सुरुङमार्गलाई प्राथमिकता दिएको थियो। तर तत्कालका लागि यसको सम्भाव्यता अध्ययन लगायतका काम स्थगित भएको प्रदेश सरकारले जनाएको छ। यो आयोजना ठूलो भएको र लगानी धेरै लाग्ने भएकाले आवश्यक लगानी व्यवस्थापन गरिदिन भन्दै प्रदेश सरकारले केन्द्र सरकारसँग अनुरोध गरेको थियो। तर केन्द्र सरकारले तत्काल काम अघि नबढाउनु भन्ने आशयसहितको पत्र प्रदेश सरकारलाई पठाएको छ।

चिनिया कम्पनीबाट यसको डीपीआर निर्माण गर्ने प्रदेश सरकारको योजना थियो। तर केन्द्र सरकारले लगानी र वैदेशिक सहायताबारे स्पष्ट प्रस्ताव नआएको भन्दै तत्काल यो काम अघि बढाउनका लागि अनुमति दिन नसकिने जवाफ दिएको हो। पहिलो चरणमा सम्भाव्यता अध्ययनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले २० करोड बजेटसमेत विनियोजन गरेको थियो। बर्दिया राष्ट्रिय निकुञ्जपर्ने र कमजोर चूरेको भू-वनाटका कारण तत्काललाई सहमति दिन नसक्ने आशयसहितको पत्र केन्द सरकारको अर्थ मन्त्रालयले प्रदेश सरकारलाई पठाएको छ। केन्द्र सरकारको यो पत्रसँगै प्रदेश सरकारले यो आयोजनाको काम पनि तत्कालका लागि स्थगित गरिएको जनाएको हो। २०७५ साउन १० गते प्रदेश मन्त्रीपरिषद्को बैठकले प्रदेश सरकारले सञ्चालन गर्ने राष्ट्रिय गौरवको आयोजनाका लागि विशेष अनुदान, समपुरक अनुदान, आन्तरिक ऋृण तथा वैदेशिक सहायता एवम् लगानीको व्यवस्थापन गर्न केन्द्र सरकारसँग अनुरोध गर्ने निर्णय गरेको थियो। प्रदेश सरकारले २२ ओटा आयोजना सञ्चालनार्थ त्यसको व्यवस्थापन गरिदिन नेपाल सरकारलाई अनुरोध गरेको हो। प्रदेश सरकारले वीरेन्द्रनगर-तेलपानी-भूरिगाउँ सडक खण्डमा सुरुङ निर्माणका लागि सम्भाव्यता अध्ययनका लागि चीनको एक निर्माण कम्पनीमार्फत काम गर्ने भन्दै प्रधानमन्त्री कार्यालयलाई अनुरोध गरेको थियो। गत असोजमा चीनको तिब्बत भ्रमण सकेर फर्किदा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले केन्द्रीय सरकारले अनुमति दिए चीनको लगानी कर्णालीमा भित्र्याउन सकिने बताएका थिए। शाहीले राजधानी वीरेन्द्रनगरस्थित रिङरोड र सुर्खेतदेखि बर्दियासम्मको सुरुङमार्गको सर्वे गर्न चीन सकरात्मक रहेको बताएका थिए। संघीय सरकारको अनुमतिविना प्रदेश एक्लैले भौगोलिक रुपमा विकट कर्णालीको विकास गर्न असम्भव भएको बताउँदै आएको प्रदेश सरकारलाई केन्द्र सरकारको पछिल्लो पत्रले निराश बनाएको छ। अन्तराष्ट्रिय लगानी भित्राउन र निर्माणको सम्झौता गर्ने अधिकार प्रदेश सरकारलाई छैन। यसका लागि केन्द्र सरकारले अनुमति दिनु पर्दछ। संघीय सरकारसमक्ष प्रस्ताव मात्रै गर्न सकिने संविधानले अधिकार प्रदान गरेकोले कर्णालीमा प्रत्यक्ष लगानी भित्र्याउन नसकिने दुखेसो मुख्यमन्त्रीले गर्दै आएका छन्। प्रदेशले एजेण्डा उठाउने, प्रस्ताव गर्ने र त्यसलाई सफल बनाउने जिम्मा संघीय सरकारको भएको प्रदेश सरकारको भनाइ छ। तर प्रदेश सरकारले रणनीतिक महत्वको भन्दै निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न लागेको यो आयोजनाको काम तत्कालका लागि टरेको हो। सुर्खेत-बर्दिया सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) निर्माणको काम चिनिया कम्पनीमार्फत प्रदेश सरकारले गराउने उल्लेख छ। कम्पनीले निर्माण र वित्तिय स्रोतको सम्बन्धमा उल्लेख गरे पनि त्यस्तो सहयोग तथा सहायता कसरी लिने भन्ने बारेमा स्पष्ट नभएको अर्थ मन्त्रालयले प्रदेश सरकारलाई पठाएको पत्रमा भनिएको छ। चीन सरकार वा उसको आधिकारीक निकायबाट प्राप्त नहुने सहायता स्वीकार गर्न कठिन हुने केन्द्र सरकारको जवाफ छ। अहिले प्रदेश सरकारले चीन सरकारको नभइ निजी कम्पनी मार्फत काम गराउन खोजेको भन्दै केन्द्र सरकारले त्यो सहायता स्वीकार गर्न नसकिने जनाएको हो। 'यस्ता सहयोग मैत्री सम्बन्धविना आर्थिक दायित्व सम्पन्न गर्ने र सम्पन्नपछि प्रदेश सरकारले दायित्व नलिने एवम् डीपीआर गर्नेलाई नै कार्य गराउनुपर्ने शर्त बन्देज हुन नहुने विषयमा स्पष्ट भएमात्रै प्रक्रिया अघि बढाउँदा उपयुक्त हुने देखिन्छ' अर्थ मन्त्रालयको पत्रमा लेखिएको छ।

कोहलपुर-सुर्खेत सडक खण्डको स्तरोन्नति हुने सम्भावना अघि बढेको भन्दै केन्द्र सरकारले सुरुङमार्गको संभाव्यता र आवश्यकता भने अध्ययन गर्न आवश्यक रहेको जनाएको छ। प्रदेश सरकारले अघि सारेको यो आयोजनामा बर्दिया राष्ट्रिय निकुञ्जको क्षेत्र पनि पर्दछ। बस्तीभन्दा धेरै निकुञ्जको क्षेत्र नै पर्दछ। साथै चुरे श्रृङ्खलाई कमजोर क्षेत्र पनि मानिन्छ। निकुञ्जभित्र सडक बनाउँदा कति उपयुक्त छ वा छैन भन्ने विषयमा विज्ञ टोलीले नै अनुसन्धान गर्नुपर्ने भएकाले पनि तत्काल केन्द्र सरकारले सहमति नदिएको हुनसक्छ। निकुञ्ज भित्रपर्ने भएकाले राय वा जानकारी लिन आवश्यक छ। लगानी र जटिलताको अवस्था हेरेर पनि केन्द्र सरकारले सहमति नदिएको हुनसक्छ। हामीले त सम्भाव्यता अध्ययन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेका थियौं। तर अब काम नहुने भएपछि त्यो बजेट आर्थिक मन्त्रालयमा नै फिर्ता भइसकेको छ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# शिक्षक दरवन्दीको मागदावी-पत्र पेस

**मिसन न्यूज**
**कालिकोट**

कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका-७ मा रहेको कालिका माध्यामिक विद्यालयमा हुन् । मागदावी पत्रमा ४ सय ६६ सय विद्यार्थी अध्यापन गरिरहेको यस विद्यालयमा प्रावि,निमावि दरवन्दीमा जम्म १३ जना शिक्षकहरु कार्यरत रहेपनि मावि र उच्च मावि तहमा सून्य दरवन्दी रहेकोले समस्या उत्पन्न भएको उल्लेख गरिएको



शिक्षकको दरवन्दी व्यवस्थापन गर्न माग राख्दै मानवअधिकार समुह, नागरिक समाज र स्थानीय अभिभावकले खाँडाचक्र नगरपालिकामा मागदावी( पत्र पेस गरेका छन् । २०३७ सालमा स्थापना भएको कालिका माध्यामिक विद्याल २०७१ सालदेखि कक्षा ११/१२ विज्ञान विषय समेत अध्यापन हुदै आइरहेको भएपनि शिक्षक नहुदा पठन पाठनमा बाधा उत्पन्न भएको भन्दै मानवअधिकार समुहको नेतृत्वमा नगरपालिकामा मागदावी-पत्र बुझाइएको हो । मानवअधिकार समुहका सयोजक अविसरा अधिकारी,उपाध्यक्ष दक्षीणा शाही,नागरिक समाजका तुलाराज पाण्डे र स्थानीय अभिभावक निस्ता कार्कीको हस्ताक्षर रहेको मागदावी(पत्र खाँडाचक्र नगरपालिका कार्यवाहक प्रमुख पुष्पराज गिरीलाई वुझाइएका छ। यस्तै विज्ञान विषय अध्यापन गराइने यस विद्यालयमा विज्ञान र अंग्रजि विषय अध्यापन गरउने शिक्षक नहुदा विद्यार्थीको भविश्य अन्योलतातिर धकेलिएको हुनाले तत्काल शिक्षक व्यवस्थाका लागि रकम विनियोजन गर्न माग गरिएको छ । पत्रमा माध्यमिक तहमा निजि श्रोतबाट अध्यापन गराइरहेका शिक्षककहरुको ३२ लाख दिन बाँकी रहेकाले आव २०७६/०७७ बाट निजिश्रोतका शिक्षकहरुले विद्यालयमा अध्यापन गराउन छाडेका कारण समस्या उत्पन्न भएको पनि वताइएको छ। मागदावी(पत्र वुझ्दै कार्यवाहक नगरप्रमुख एवम नगर प्रवक्ता गिरीले योपत्रलाई आगमी नगर कार्यपालिकाको वैठकमा पेस गरी गम्भीरताकासाथ छलफल गर्नुका साथै समास्याको समाधान गर्ने प्रतिवद्धता जनाए ।

# मदिरा बेच्न बालबालिका प्रयोग

**मिसन न्यूज**
**डोल्पा**

प्रहरी प्रशासनले स्थानीय मदिरा उत्पादन र बिक्रि बितरण गर्न प्रतिबन्ध गरेपछि बालबालिकाहरु प्रयोग गरेर बेच्ने गरेको पाइएको छ । पुगेकी हुन् । आफनो पढाइ खर्चको जोहो गर्न घरमा बनाइएको मदिर बेच्न आएको बालिकाले सुनाएको केड कार्यक्रमका कर्मचारी लिला टमाटाले बताए । मदिराप्रतिको नकारात्मक धारणालाई पैसाको प्रलोभनमा सकारात्मक धारणा बसाल्न



बालबालिकालाई प्रहरीले त्यति ध्यान नदिने भएकाले उनीहरुलाई प्रयोग गरेर मदिरा बेच्न थालिएको हो। ठुलिभेरी नगरपालिका-९ मा पर्ने डाँगीबाडा एक बालिका लोकल मदिराको ग्यालिन बोकेर नजिकैको जुफाल बजारको होटेल होटेल गरि रहेकी थिइन । आमा बुबाले उवा, जौं, चामलगायतका अन्नबालीबाट तयार पारेको मदिरा बिक्रि गर्नका लागि बिहानै जुफाल बजार प्रेरित गर्ने डर उत्तिकै रहेको पाइन्छ। जिल्लाका धेरै जसो गाउँमा अभिभावकहरुनै आफ्ना बालबालिकालाई मदिरा बिक्रि गर्न पठाउने गरेको छन् । जुफाल बजारमा मात्रै नभएर जिल्लाका मुख्य बजार दुनै, त्रिपुराकोट, खदाङ, लिकुलगायतका अन्य बजारहरुमा स्कुले बालबालिकाहरु मदिराका ग्यालिन बोकेर बिक्रि गर्दै हिँडेको भेटिन्छन् ।

# जातीय विभेदको स्वरूप मात्र बदलियो

**मिसन न्यूज**
**कालिकोट**

समय परिवर्तन भएसँगै जातीय विभेदको स्वरूप बदलिएको बुझाइ छ। जिल्लाको खाँडाचक्र नगर पालिका ४ लुवारगाउँनिवासी आदी विक ६० वर्षका भए । उनी ७ वर्षको हुँदा गाउँमा जस्तो जातीय विभेद भोग्थे, अहिले पनि उस्तै दलदलमा छन् । तर 'देशमा भएका विभिन्न राजनीतिक परिवर्तनका आन्दोलनमा प्रत्यक्ष अप्रत्यक्ष सहभागी भएँ', उनले भने, 'तर २०५२ सालको माओवादी युद्धसँगै जातीय विभेदमा कमी आएको अनुभूति भए पनि विभेद गर्ने तरिका मात्रै फेरिएको हो ।' पहिले प्रत्यक्ष जातीय विभेद हुने गरे पनि अहिले



नदेखिने गरी विभेद हुने गरेको उनको अनुभव छ। गाउँमा विकासे योजनाको उपभोक्ता समिति अध्यक्षमा बस्दासमेत समाजले तल्ला जातीका नेतृत्वलाई अस्वीकार गर्ने गरेको उनको भनाइ छ। 'अहिले पनि सार्वजनिक धारामा पानी भर्दा दलितमाथि विभेद हुन्छ, मर्दा पर्दा दलित समुदायका मान्छेलाई माथिल्लो भनिने जातका व्यक्तिले सहयोग गर्दैनन्', उनले थपे, 'जातीय विभेदमुक्त समाज बनाउने नारा नारामै सीमित छ, विभेदको स्वरूप मात्रै बदलिएको हो, तर अवस्था उस्तै छ।' स्थानीय भुरु कामीले गाउँमा पढेलेखेका शिक्षित व्यक्तिबाटै जातीय विभेद हुने गरेको बताइन्। 'चुनावताका मात्रै जातीय विभेद नभएजस्तो हुन्छ, भोट माग्दा दलितको घरमा छिर्ने बाहुन, ठकुरी, क्षेत्री समुदायका नेता र

**बाँकी ८ पेजमा.....**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
|  | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# हिमपातले विकास निमार्णका काम ठप्प

मिसन न्यूज

मुगु


जिल्लाको पुर्वी उत्तरीकिनारा भेगमा पर्ने मुगुमकामरोङ्ग गाउँपालिकामा पटकपटक परेको हिमपातले विकास निमार्णका काम ठप्प भएका छन् । जिल्लाको चार स्थानीय तहमध्ये उच्च हिमाली क्षेत्रमा अवस्थित गाउँपालिकामा असर नगर्ने तल्लो बस्ती छाइल, माग्री, पापु लगायत स्थानमा विकास निर्माणका काम भइरहेको र माथिल्लो बस्तीमा हिउँले रोकिएको अध्यक्ष लामाले जानकारी दिए । गाउँपालिकाको सबै भन्दा माथिल्लो बस्ती मुगु गाउँका स्थानीय हिउँ र जाडो छल्न मंसिरको पहिलो सातमै वेसी तिर झरेपछि गाउँतिर नउक्लिँदासम्म कुनै पनि विकास



हिमपातले विकास निमार्णका काम प्रभावित भएका हुन् । मुगु,डोल्फु चितै, किम्री, ताखा, खारी, पुअ, रिउस, दाउरा, सेरोगलगायतका १ नंम्बर वडादेखि ७ वडाका वस्तीमा हिउँले ढाकेपछि गाउँपालिका, गैर सरकारी निकाया र अन्य निकायबाट संचालित सबै खाले विकास निर्माणका काम अवरुद्ध भएका छन् । बाक्लो हिउँले जमिन नछोड्दासम्म बाटो, खानेपानी, मठमन्दिर, गुम्वा निर्माण, भवननिर्माण, पुल सिचाइ कुलो,लगायतका योजना संचालन गर्न कठिनाइ भएको छ । भारी हिमपातका कारण निर्माणकार्य अवरुद्ध भएको मुगुमकामरोङ्ग गाउँपालीकामा गाउँपालिका प्रमुख छिरिङक्याप्ने लामाले जानकारी दिए । माथिल्लो बस्ती मुगु, चितै, डोल्फु, किम्री गाउँका बस्तीमा फागुन अन्तिमसम्म पनि विकास निर्माण अघि बढाउन मुस्किल हुने अध्यक्ष लामाको भनाइ छ । हिउँले निर्माणका काम संचालन गर्ने अवस्था छैन, तातो लागेपछि चैत र वैशाख महिनामा स्थानीय गाउँतिर उक्लिएपछि बल्ल आर्थिक वर्षको विकास निमार्ण काम सुरुवात हुने, विगतका वर्षहरु झै यो वर्ष हुने स्थानिय बताउँछन् । यसै बिच हिउँदको समयमा मुगुम कार्मारोङ्ग गाउँपालिका अत्याधिक हिमपात हुने र चिसोले जनजीवन प्रभावित हुने भएकाले त्यस क्षेत्रमा रहेका विद्यालयमा हिउँदे बिदा दिइएको छ । छाँयानाथ रारा नगरपालिका, खत्याड र सोरु गाउँपालिकाका सबै विद्यालयमा वर्षे बिदा हुने गरे पनि मुगुमकामरोगं गाउँपालिकामा अत्याधिक चिसोका कारण हिउँदे बिदा हुने गरेको हो । चिसोका कारण त्यस क्षेत्रका विद्यालयमा पुस १५ गतेदेखि फागुन १५ गतेसम्म विद्यालय बन्द हुने गरेका

बाँकी ८ पेजमा.....

# पायल्स निको पार्न यस्ता घरेलु विधि



पायल्स रोगका बिरामीहरु दिन प्रतिदिन बढ्दो अवस्थामा छन् । दैनिक खानपानमा ध्यान नदिँदा यस्तो रोगको जोखिम झन बढ्ने चिकित्सकहरु बताउँछन् । कब्जियत नै पायल्सको मुल कारण हो । जब कब्जियत हुन्छ, दिसा गर्दा बल पर्छ । त्यही बलले भित्रका रक्तशिरालाई तन्काइ दिन्छ । यो क्रमस फैलन थाल्छ र गिर्खा बन्न थाल्छ । पायल्सका कारण मलद्वार दुख्ने वा पोल्ने हुन्छ । पायल्स रोग निको पार्ने केही घरेलु विधि यहाँ प्रस्तुत गरिएको छ । यी विधि अपनाउँदा पायल्स हुन नदिन र पायल्स भएकाहरुलाई निको पार्न उपयोगीसिद्ध हुनेछ । पायल्स भएका विरामीहरुका लागि घ्यूकुमारी अचुक औषधी हो । पायल्स भएमा विस्तारै घिउकुमारीको गुदी लगाउने जसले शीतलता प्रदान गर्छ । बदामको तेल अर्थात् बदाम रोगन पनि लगाउन सकिन्छ । एक दिनमा ३-४ पटक मलद्वारमा बदामको शुद्ध तेल लगाए आराम मिल्छ । काँचो केरा उसिनेर बिहान-बेलुका खाँदा पनि पायल्स रोगीका लागि निकै फाइदाजनक हुन्छ । पायल्सका रोगीले तारेको(भुटेको तथा रेशारहित खाना खानु हुँदैन । कब्जियत हुन नदिन रेसायुक्त (फाइबर) खाना प्रशस्त खानुपर्छ । अलिभ (जैतुन)को तेल लगाउँदा पायल्सका विरामीहरुका लागि आराम मिल्छ । मूलाको रस बिहान बेलुका खाँदा पायल्सका रोगीलाई फाइदा हुन्छ । आँपको कोयाको गुदीको चूर्ण महसँग मिसाएर खान सकिन्छ । दिसा गर्दा समस्या हुनु नै यसको खास लक्षण हो । मलाशयमा भारीपन हुने, दिसा राम्रोसँग नहुने, दुख्ने जस्ता सुरुवाती लक्षण हुन् । जति जति रोग बढ्दै जान्छ, उत्तिनै दुखाई बढी हुन्छ । गुद्वारमा मासुको डल्ला निस्कने, त्यसमा चिलाउने हुन्छ । कब्जियत आउन नदिनका लागि खानपानमा सर्तकता अपनाउनु पर्छ । किनभने अपच हुने खानेकुराहरु, जस्तो कि मैदाबाट बनेका, प्याकेटमा राखिएका, तारेका, भुटेका, जंक फूड, मसलेदार, मासुजन्य खानेकुरा कब्जियतको कारण बन्छ ।

अनियमित खानपान पनि यसको कारण हुनसक्छ । जस्तो कि भोक लागेको बेला नखाने, राती अबेर खाने, आवश्यक्ताभन्दा बढी खाने बानीले कब्जियत रोग पैदा गर्छ । त्यस्तै दिसा रोक्ने बानी अर्को कारण हो । स्वस्थ्य खानपान र जीवनशैलीले यस्तो समस्या निवारण गर्न सकिन्छ । पायल्सको समस्या छ भने चाहि त्यसको प्रकृति अर्थात श्रेणी अनुसार उपचार विधि अपनाउनु पर्छ । सामन्य स्थितिमा खानपान, जीवनशैली, व्यायाम आदिबाट यसको निदान खोज्न सकिन्छ । पायल्स भएको अवस्थामा बोसोयुक्त, तारेको, भुटेको, मसलेदार, मासुजन्य, दुधजन्य, मैदाबाट बनेका, कार्बोनेटेड ड्रीकं आदिको सेवन गर्नु हुँदैन । मदिरापान, धुमपानले पनि यसलाई जटिल बनाउँन सक्छ ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# पहिलो संसद भवन फालेर स्टेटहाउस बनाउने

**मिसन न्यूज**

**काठमाडौं**

संसदीय समितिले भूकम्पले क्षतिग्रस्त बनेको नेपालकै पहिलो संसद भवन भत्काएर स्टेट हाउस बनाउन निर्देशन दिएको छ। मंगलबार बसेको





संसदको विकास तथा प्रविधि समितिको बैठकले राणाकालीन सो भवन रेट्रोफिटिङ गरेर प्रयोगमा ल्याउन सक्ने अवस्था नरहेको भन्दै भत्काएर स्टेट हाउस (विदेशी पाहुना गृह) बनाउन निर्देशन दिएको हो । समितिकी सभापति कल्याणली खड्काले पुरानो कला संस्कृति झल्कने गरी नयाँ भवन बनाउन निर्देशन दिएकी हुन्। सहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रस्तावअनुसार समितिले सो निर्देशन दिएको हो। समितिको निर्देशनसँगै ४ वर्षदेखि रेट्रोफिटिङ गर्ने कि भत्काएर नयाँ बनाउने भन्नेमा देखिएको अन्योल हटेको छ । अन्योलताकै कारण सिंहदरबारभित्र रहेको सो भवन प्लाष्टिकले बारेर खण्डहर अवस्थामा रहेको थियो। बैठकमा सहरी विकास मन्त्रालयका सचिव मधुसुदन अधिकारी र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव शिवहरि शर्माले प्राविधिकले भवन माटो र इट्टाले बनेकाले रेट्रोफिटिङ गर्नु ठीक नहुने रिपोर्ट प्राविधिकहरुले दिएको समितिमा बताएका थिए ।

# नयाँ शैलीमा सांगीतिक कार्यक्रम हुँदै

**एजेन्सी**

**सिड्नी**

अस्ट्रेलियामा नयाँ अवधारणाको सांगीतिक कार्यक्रम हुने भएको छ। अस्ट्रेलियामा क्रियाशील संस्थाहरु सोलान्चार, गुठी अस्ट्रेलिया र पोखरा समाज अस्ट्रेलियाको संयुक्त आयोजनामा कार्यक्रम हुन लागेको हो । कार्यक्रमबारे भिडियो संदेश



पठाउँदै कन्दरा ब्याण्डका विवेक श्रेष्ठले आजभोलि प्रवासमा आयोजना हुने विभिन्न नेपाली सांगीतिक कार्यक्रमको स्तर घटिरहेकोले आफूले नयाँ सोचाइ अगाडि ल्याएको बताए। उनले नेपाली संगीत, कलाकार र दर्शक सबैको सम्मान हुने गरी नयाँ सोचाइ अगाडि ल्याएको दाबी गरेका छन् । सांगीतिक कार्यक्रमको दर्शक तथा कलाकारको छुट्टै ड्रेस कोड पनि हुने बताउँदै ठीक समयमा कार्यक्रम सुरु हुने र ठीक समयमा समापन हुने उनको भनाइ छ । उनले कलाकारले आफ्ना सिर्जना मात्रै होइन उसलाई मन पर्ने नेपाली गीतहरु पनि गाइने भन्दै त्यो अघिल्लो पुस्ताप्रतिको पनि सम्मान हुने बताए। अस्ट्रेलियाका विभिन्न सहरमा हुने यो कार्यक्रम शृंखलाको नाम 'यूफोनिक, क्लोज टु माइ हार्ट ' राखेका छन् । सिड्नी शृंखलाको ब्यबस्थापनको जिम्मेवारी लिएका गुठी अस्ट्रेलियाका अध्यक्ष शिव श्रेष्ठले नेपाली सांगीतिक क्षेत्रको उच्च सम्मान हुने फरक सोचाइको कार्यक्रम ब्यबस्थापन गर्न पाउनु खुशीको कुरा भएको भन्दै कार्यक्रम निकै भब्य, सभ्य र अनुशासित हुने बताए । सिड्नी कार्यक्रमको सहयोगी संस्था पोखरा समाज अस्ट्रेलियाका अध्यक्ष राजकुमार अधिकारीले आफूहरु सबै नेपाली सामुदायिक संस्थाहरुलाई यस्तो कार्यक्रमको सहयोगी बन्न अनुरोध गर्ने बताए । आगामी फेब्रुअरी १५ साँझ ६ बजे सिड्नीको वेज्ली कन्फेरेन्स सेन्टरमा यो कार्यक्रम हुने छ। झन्डै सात सय जनाको क्षमता भएको हलमा साना बच्चाहरुलाई ल्याउन पाइने छैन र स्मार्ट वा औपचारिक पोशाक दर्शकका लागि पनि अनिवार्य गरिएको छ। 'यो संगीतको सम्मान हो, कार्यक्रमा अनुशासनको परिचय हो ' आयोजक मध्यका एक विश्वास श्रेष्ठले ।

# सातको भाग्यफल

| | |
|---|---|
| **मेष :** | प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्। तापनि प्रयत्न गर्दा विगतका कमजोरीलाई सच्याउन सकिनेछ। कृषि तथा पशुपालनमा फाइदा हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने सहपाठीहरूलाई पछि पार्न सफल भइनेछ। |
| **वृष :** | प्रारम्भमा चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने व्यवसायमा मनग्गे धनलाभ हुनेछ। टाढिएका आफन्तजन नजिकिनाले प्रसन्नता मिल्नेछ। नयाँ कामको प्रस्ताव आउनेछ। मित्रहरूको सहयोग जुट्नाले महत्वपूर्ण काम बन्नेछ। |
| **मिथुन :** | ईर्ष्या गर्नेहरूले धन र मान हानि गराउन सक्छन्। बोली र व्यवहारमा संयम रहनुहोला। सोखले खर्च निम्त्याउन सक्छ। तापनि पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। मौकामा सहयोगी तथा भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। उद्योग र व्यापारमा फाइदा हुनेछ। |
| **कर्कट :** | इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। तर आक्षेप लगाउनेहरूले सताउन सक्छन्। आत्मसम्मानमा प्रश्न उठ्न सक्छ, गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। मिहिनेत गर्दा बुधवारपछि आँटेको काम सम्पादन हुनेछ। जुझारु कार्यशैलीले शक्तिशाली व्यक्तिहरूसमेत पछि पर्नेछन्। |
| **सिंह :** | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। टाढा बस्ने आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। प्रयत्न गर्दा देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ। पारिवारिक भेटघाटले केही जिम्मेवारी बढाउन सक्छ। |
| **कन्या :** | सुरुमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। उठ्नुपर्ने रकम हातलागी हुनेछ। सोमवारदेखि केही खर्चिलो काम गर्नुपर्ला। लगानी धेरै गर्नुपरे पनि सामान्य आम्दानी भइरहनेछ। खर्च लागे पनि विदेश ताक्नेहरूका लागि यात्राको अवसर आउनेछ। |
| **तुला :** | तारिफयोग्य काम गर्दै नाम, दाम र इनाम हातपार्न सकिनेछ। तर्कशक्ति बढ्नेछ भने रचनात्मक काम गरेर पुरानो पद्धतिमा सुधार ल्याउन सकिनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। मेहनतले आम्दानी समेत बढाउनेछ। व्यापार तथा नोकरीमा मनग्य फाइदा उठाउन सकिनेछ। |
| **वृश्चिक :** | अरूका काममा जुट्नुपरे पनि आफैंलाई फाइदा हुनेछ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ। सुखदःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। विभिन्न अवसर प्राप्त हुनेछन्। |
| **धनु :** | प्रारम्भमा स्वास्थ्य कमजोर रहनाले केही चुनौती पनि देखिनेछन्। अरूको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला। सोमवारदेखि स्थितिमा सुधार आउनेछ र अवसरले उत्साह जगाउनेछ। सुखदःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। रोकिएको काम बन्नुका साथै नयाँ काम सुरु हुनेछ। |
| **मकर :** | प्रारम्भमा रमाइलो यात्रा हुनेछ। प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। व्यवसायमा पनि फाइदा हुनेछ। सोमवारपछि भने परिस्थिति केही असहज बन्न सक्छ। स्वास्थ्यमा कमजोरी देखापर्नेछ। काममा अवरोध हुनेछ। तापनि समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन्। |
| **कुम्भ :** | प्रारम्भमा विभिन्न अवसर प्राप्त हुनुका साथै मनग्गे फाइदा हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। नयाँ सम्बन्ध गाँसिनाले विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको योजना बन्नेछ। |
| **मीन :** | प्रारम्भमा केही घरेलु कामले अल्झाए पनि परिस्थितिलाई आफू अनुकूल बनाउन सकिनेछ। ईर्ष्या गर्नेहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ। खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ। चिताएको काम बन्नाले जोश-जाँगर बढ्नेछ। दिगो काम हातपार्न सफल भइनेछ। |

## हिमपातले विकास...

मुगुमकामरोगं गाउँपालिका प्रमुख छिरिङक्याप्ने लामाले बताए । उनका अनुसार मुगुमकामरोगं गाउँपालिका रहेका विद्यालयमा माथिल्लो क्षेत्रमा हिउँदे बिदा भएको भएपनि तल्लो क्षेत्रमा रहेका विद्यालयलाई सञ्चालनमा रहेका बताए । तल्लो क्षेत्र बुद्ध मावि माग्री र छायलको विद्यालयमा वर्षे बिदा हुने गरेका छन् । बन्द भएका विद्यालय मा फागुन १५ गतेपछि मात्र पठन पाठन सुचारु गरिने बताइएको छ । त्यस क्षेत्रमा १७ सामुदायिक र १ संस्थागत गरी १८ विद्यालय रहेका छन् ।

## गाउँमा झुलुङ्गे...

सहज भएको वडा नं ७ का सचिव शारदा शाहीले बताइन् । पुल बनेपछि अबिभावकहरुले पनि आफ्ना बालबालिकालाई सहज बिद्यालय पठाउने भएका छन् ।

पुल नहुदाँ वर्षातमा खोलाले बगाउँछ की भन्ने डरले पनि वर्षातको समयमा कमै बिद्यार्थी बिद्यालयमा आउने गरेको बिद्यालयको भनाई छ । कर्णालीमा झोलंगे पुलको निर्माणको जिम्मा पाएको हुरेन्डेक नेपालले अहिलेसम्म ९५ प्रतिशत पुल निर्माण सम्पन्न भइसकेको प्रयाविधिक अर्जुन विष्टले बताए । सन २०२० सम्म सरकारले देशलाई तुईन मुक्त बनाउने अभियान अर्न्तरगत कालिकोट जिल्लामा पनि तुईन मुक्त बनाउन रप्तारमा काम अगाडी बढाइएको हो । अब औपचारिक रुपमा मात्र जिल्लालाई तुईनमुक्त जिल्ला घोषण हुन बाँकी छ ।

## जातीय विभेदको स्वरूप...

उनका मान्छे चुनावपछि गाउँमा आउँदा घर भित्रै छिर्दैनन् ।' लुवारगाउँका खड्क विकले आफूसँग पढेका स्कुले साथीको घरमा समेत पस्न नदिएको गुनासो गरे । अहिले पनि गाउँमा हुने सामूहिक भोजमा दलित र गैरदलित एकै ठाउँमा बस्दैनन् । उनले भने, 'दलित बस्तीमा कुल देवताको पूजामा मन्दिरका पुजारीसँग अन्य जातका व्यक्ति बस्छन् तर आफ्नो कुलदेवता पूजाका बेला मन्दिरभित्र प्रवेश गर्न दिँदैनन् ।' सामाजिक अभियन्ता हस्तबहादुर विकले समेत सार्वजनिक स्थलदेखि घरसम्म जातीय विभेद जारी रहेको बताए । जातिय भेदभावले गर्दा गाउँ बसिसक्नु हुदैन । उनले जनप्रतिनिधि समेत जातीय विभेदको मारमा परेको तर्क गरे ।

## सुर्खेतबाटै सवारी...

बताए । उनले भने,सुर्खेत प्रदेश राजधानी हुँदासमेत सवारीचालक अनुमति पत्र लिन अन्य प्रदेश जानुपर्ने बाध्यता रहेको भन्दै सर्वसाधारणको व्यापक गुनासो आउने गरेको छ । अव लाइसेन्स वितरणका लागि यातायात व्यवस्था विभागसँग समन्वय भइरहेको निमित्त कार्यालय प्रमुख चपाईले बताए । देशका केही सीमित सहरबाट वितरण हुँदै आएका कारण सवारी चालक अनुमतिपत्र ( लाइसेन्स) का लागि सर्वसाधारणले सास्ती खेप्दै आएका छन् । बर्सेनि लाखौं व्यक्ति लाइसेन्स लिन इच्छुक देखिए पनि न्यून संख्यामा मात्र लाइसेन्स जारी हुँदै आएको छ । यातायात व्यावस्था कार्यालय सुर्खेतमा आवेदन खुल्नासाथ यातायात व्यावस्था कार्यालय सुर्खेतमा लाइसेन्स लिन चाहनेको लामो भीड लाग्ने भएको विरेन्द्रनगर नगरपालिका ४ का स्थानीय विष्णु बहादुर रावलले बताए । उनले भने, कर्णाली प्रदेशको जुम्लाबाट लाईसेन्स दिएपनि गरिब तथा आर्थिक अभावका कारण लाइसेन्स नलिएका धेरै मात्रामा छन् । अव यातायात व्यावस्था कार्यालय कर्णाली प्रदेश सुर्खेतबाट सवारी चालक अनुमति पत्र ( लाइसेन्स) दिने भएपनि हामिलाई सरल भएको रावलले बताए । अव कर्णाली प्रदेशमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण गर्ने भएपछि स्थानीयलाई कुनै सास्ती नभोग्नु पर्ने यातायात व्यवस्था कार्यालयले बताएको छ ।


**बालबालिका, वृद्धविद्धा, गर्भवती महिला तथा विरामिहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यावस्था मिलाऔं ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सम्पर्क ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत